कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
जाजरकोट

akcjajarkot@gmail.com
०८९-४३०१२५
Website: adojajarkot.gov.np

प.सं.:- २०७७/०७८
च.नं.:-

मिति :- २०७८/०१/२८

## आयआर्जन बृद्धि कार्यक्रम सञ्चालन गर्न बीउ पूँजीको प्रस्ताव आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशन मिति २०७८/०१/२८)

यस कृषि विकास कार्यालय,जाजरकोटको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आयआर्जन बृद्धि कार्यक्रम (जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग, शहिद परिवारका सदस्यहरुका लागि आयआर्जन बृद्धि कार्यक्रम) अन्तरगत अनुदान दिने कार्यक्रम रहेको हुँदा यस जाजरकोट जिल्लाको स्थायी ठेगाना भएका जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग, शहिद परिवारका सदस्यहरु मार्फत बीउ पुजि संचालनका लागि प्रस्ताव आव्हानको यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन (मिति २०७८/०२/२६ गते) भित्र कार्यालय समयमा यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गर्न सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीको लागि कार्यालयको Website: adojajarkot.gov.np हेर्न वा ल्याण्डलाईन टेलिफोन नं. ०८९-४३०१२५ र मोवाईल नं.९८५८०३०९०१ मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

१. जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग, शहिद परिवारको परिचय खुल्ने प्रमाण पत्र वा प्रमाण पत्र नभएको खण्डमा सम्वन्धित नगरपालिका,गाउँपालिका वा वडाको सिफारिस वा सम्वन्धित जिल्लाको प्रदेश सभा सदस्यको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण-पत्र

२. जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते अपाङ्ग, शहिद परिवार सबैलाई समेट्ने गरी एउटा समूह गठन गरी सम्वन्धित स्थानीय तहको कृषि विकास शाखामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

३. समूह गठन गर्दा सम्वन्धित स्थानीय तहका सबै लक्षित परिवारलाई समेटेर एउटा समूह मात्र गठन गरी दर्ता गराएको हुनु पर्नेछ ।

४. व्यावसायिक योजना (सबै घर परिवारलाई समेट्ने गरी तयार गरेको) आर्थिक प्रस्ताव सहितको पूर्ण विवरण भरिएको हुनु पर्नेछ ।

०१/२८/१/२८

.................................
गणेश बहादुर अधिकारी
नि.कार्यालय प्रमुख
गणेश बहादुर अधिकारी
निमित्त प्रमुख

Scanned with CamScanner